लोक सेवा आयोग

राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको

आन्तरिक प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

2075/10/26

समय :- ३ घण्टा

पूर्णाङ्क :- १००

पत्र :- प्रथम

विषय :- प्रशासन र व्यवस्थापन ।

**तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

१. नेपालमा नीति निर्माण र यसको कार्यान्वयनको चरणमा देखिएका अन्तरसम्वन्धित विषय वा मुदाहरू (Inter Related Issues) को उपयुक्त व्यवस्थापन हुन नसक्दा नीतिहरूले अपेक्षित उपलब्धि हासिल नसकेको भनिन्छ, यसलाई पुष्ट्याई गर्दै नेपालको सर्वाङ्गीण विकासको लागि के कस्ता नीतिहरू निर्माण गरी कार्यान्वयन गर्न उपयुक्त देख्नुहुन्छ? प्रष्ट पार्नुहोस् । ७.५+७.५ = १५

२. सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने अवधारणा स्पष्ट पार्दै राज्यले के कति हदसम्म सामाजिक चोट (Social injury) मा परेका व्यक्तिहरूलाई क्षतिपूर्ति प्रदान गर्न उपयुक्त हुन्छ? नेपाल सरकारले इ.सं. २०१८ मा घोषणा गरेको सामाजिक सुरक्षा कार्यक्रमलाई उक्त अवधारणाको कसीमा मूल्याङ्कन गर्नुहोस् । १५

३. नेपालमा सन् १९९० को दशकमा आर्थिक उदारीकरण र निजीकरण (Economic Liberalization and Privatization) को नीति किन लागू भएको थियो? यसका फाइदा वेफाइदा के भए तथ्यगत रूपमा विश्लेषण गर्दै निजीकरण गरिएका केही संस्थानहरूलाई पुनः संचालन गर्ने सम्वन्धमा हाल भई रहेका कार्यको औचित्य, अपेक्षित नतिजा र संभावित जोखिम तथा जोखिमलाई न्यूनीकरण गर्ने उपाय सहितको व्यवहारिक सुझाव प्रस्तुत गर्नुहोस् । ५+१० = १५

४. नेपालमा गरिवी निवारणका लागि लिइएका रणनीतिहरूको चर्चा गर्नुहोस् । सन् २०३० सम्म गरिवी पाँच प्रतिशतमा झार्ने लक्ष्य प्राप्तिका लागि के कस्ता चुनौतीहरू छन् र यसलाई सामना गर्दै निर्दिष्ट परिमाणात्मक लक्ष्य (Targets) हासिल गर्न कस्तो नीतिगत मार्गचित्र आवश्यक हुन्छ? सुझाव दिनुहोस् १५

५. समावेशी लोकतन्त्रका चरित्रहरूको परिचय गराउँदै नेपालको संविधानमा यी विशेषताहरूलाई कुन हदसम्म अंगीकार गरिएको छ? लोकतन्त्र र समावेशीकरणको अन्तरसम्वन्ध पहिचान गर्दै हाम्रो लोकतन्त्रलाई साच्चीकै "लोकको तन्त्र" वनाउन तपाईलाई लागेका व्यवहारिक सुझाव दिनुहोस् । १५

६. देश संघीय संरचनामा गइसकेको छ । संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरू गठन भइ कार्यरत रहेका छन् । यी तीनै तहका सरकारहरूको मुख्य उद्देश्य नेपालको संविधानलाई कार्यान्वयन गर्दै देशलाई समृद्ध वनाउनु हो । यसको लागि योजनावद्ध विकासको सघन प्रयास हुनु जरूरी छ । यस परिप्रेक्ष्यमा सर्सती हेर्दा देशले अग्रगामी गति लिन नसकिरहेको स्थिति देखापर्दछ । संघ, प्रदेश र स्थानीय तहवाट हुनु पर्ने विकास निर्माणका कामहरूमा सुस्तता देखिन्छ । तीनै तहले गरेको पूँजीगत खर्च उत्साहजनक देखिँदैन । यसरी विकासका कामहरू सुस्त हुनुमा विगतदेखिका समस्या यथावतै हुनु पनि हो । अहिले आएर सम्वन्धित ऐन, नियमहरूको अभाव, समयमा कर्मचारी समायोजन हुन नसकेको परिदृष्यले हाम्रो विकास प्रयासले तीव्रता लिन नसक्ने अवस्थातर्फ संकेत गरिरहेको छ । यस अवस्थामा देशको द्रुततर आर्थिक सामाजिक विकास गर्न संघीय स्वरूपमा रहेका संघ, प्रदेश र स्थानीय तहका सरकारहरूलाई कसरी क्रियाशील वनाउन सकिएला? लोक सेवा आयोगको निर्धारित पाठ्यक्रमको ढाँचामा समस्या समाधान गर्नुहोस् । २५

«««समाप्त»»»